नेपाल सरकार
# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

प.सं. ०७०/७०
च नं. १५

मिति : ०७०/४/३०

विषय : परिचयपत्र सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय

७३ जिल्ला (मनाङ र मुस्ताङ जिल्ला वाहेक)

रिट निवेदक सुमन अधिकारी समेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं. ०७०-WO-००३२ मा राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका, २०६९ का सम्वन्धमा सम्मानित सर्वोच्च अदालतवाट मिति २०७०/४/२८ मा तपशिलमा उल्लेख भए वमोजिम अन्तरिम आदेश जारी भएको हुँदा हाल सो परिचय पत्र वितरणको कार्य जे जस्तो रुपमा रहेको छ सोही रुपमा यथावत राखी उक्त अदालतवाट अन्तिम फैसला नहुँदासम्म परिचय पत्र वितरण लगायत यस सम्वन्धी कार्य नगर्नु नगराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपशिल

**" राजनैतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्रदान गरिने परिचय पत्र निर्देशिका, २०६९ मा समेटिएका शब्दावली नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा प्रयोग भएदेखि बाहेकका शब्दहरु प्रयोग भई द्वन्द्वका पक्षहरु, द्वन्द्ववाट पीडितहरुलाई समग्रतामा नसमेटिएको प्रश्न विद्यमान रहेको र मन्त्रिपरिषद्ले त्यस्तो निर्देशिका जारी गरी सुविधा दिने लगायतका व्यवस्थाहरुको निश्चित कानूनी आधार प्रष्ट गर्न सकेको नदेखिएको, संविधान बमोजिम निर्विवाद रुपमा वा न्यायिक निरोपण गरे वेगर कुनै रुपमा परिचय पत्र वितरण गर्न तथा कार्यान्वयन गर्न दिन तत्काल मिल्ने नदेखिएकोले अन्तिम निर्णय नभए सम्म विवादित निर्देशिकाको कार्यान्वयन जहाँ जे अवस्थामा छ सोही अवस्थामा रोक्नु, अघि नवढाउनु ।"**

गेहेन्द्रवहादुर डाँगी

उप सचिव

**वोधार्थ :**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।

श्री गृह मन्त्रालय, सिंहदरवार ।


फोन नं.: ४२११९८९, ४२११०८९, ४२१११७१, ४२१११७६, ४२११५५० फ्याक्स : ९७७-१-४२११९८६
Website: <www.peace.gov.np> E-mail : info@peace.gov.np